स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

विवरण सार्वजनिक गरेको मिति २०८१/०५/०१

(क) **निकायको स्वरुप र प्रकृति** : स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था हो ।

(ख) **निकायको काम, कर्तव्य र अधिकार** : यस वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिम रहेको छ ।

(ग) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** : यस संस्थामा आ.ब. २०८०/८१ जम्मा १९२ जना कर्मचारीहरु कार्यरत रहेका छन् र ती कर्मचारीहरुको कार्य विवरण संस्थाले समय समयमा तोके बमोजिम हुनेछ ।

(घ) **निकायबाट प्रदान गरिने सेवा** : यस संस्थाबाट प्रदान हुने सेवाहरुमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गका वित्तीय संस्थाहरुले प्रदान गर्न सक्ने सम्पुर्ण लघुवित्त सेवाहरु रहेको छन् ।

(ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** : यस संस्थाका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको आधिकारीक वेभसाईट: www.swabhimaanlaghubitta.com.np मा उपलब्ध छ ।

(च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** : यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस सस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको आधिकारीक वेभसाईट: www.swabhimaanlaghubitta.com.np मा उपलब्ध छ ।

(छ) **निर्णय गर्ने प्रकिया र अधिकारी** : यस संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुको लागी सस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : यस संस्थामा प्राप्त गुनासो, उजुरी तथा सुझावहरु उपर गम्भीरतापूर्वक मनन् गरी उक्त उजुरी तथा सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रिकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ ।

(झ) **सम्पादन गरेको कामको विवरण** : यस संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्ग अन्तर्गतका वित्तीय संस्थाहरुले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण लघुवित्त कार्यसंग सम्बन्धित विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै संस्थाको आधिकारीक वेभसाइटमा पनि सूचना राखिएको छ ।

(ञ) **सूचना तथा गुनासो सुन्ने अधिकारीको विवरण** :
सूचना तथा गुनासो सुन्ने अधिकारीको नाम : ध्रुव राज कोइराला
पद: सहायक महाप्रबन्धक
सम्पर्क नं.: ०७१-५६१२५८
इमेल: dhruba@swabhimaanlaghubitta.com.np

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** : नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ ।

(ठ) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण** : यस वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको र यस वित्तीय संस्थाको आधिकारीक वेभसाइट : www.swabhimaanlaghubitta.com.np मा समेत राखिएको छ ।

(ड) **तोकिए बमोजिमका अन्य विवरण** :

१. अघिल्लो बर्षमा सार्वजनिक निकायले कुनै कार्यकम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :
वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठि, ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठी आदि ।

२. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण : www.swabhimaanlaghubitta.com.np

३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरण : प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमका विवरणहरु ।

Swabhimaan Laghubitta Bittiya Sanstha Limited Tilottama-5, Rupandehi